बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

भू तथा जलाधार व्यवस्थापन कार्यालय

रामेछाप बजार, रामेछाप

## बिषय विशेषज्ञहरुको सूची/रोष्टर अध्यावधिक गर्नको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।२८

यस कार्यालय मार्फत संचालित नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना (Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal Project) अन्तर्गत विभिन्न गतिविधिहरू (जस्तैः तालिम, गोष्ठी, अध्ययन, भिडियो डकुमेन्ट्री आदि) प्रभावकारी रूपमा कार्यान्वयन गर्न तपशिल बमोजिमका बिषयगत क्षेत्रहरुका बिषय विशेषज्ञहरुको सूची तयार गरि अध्यावधिक गर्ने कार्य भइरहेको छ। नेपाल सरकार तथा यस कार्यालयको सेवा सुविधा, मापदण्ड र आवश्यकता भित्र रही कार्य गर्न इच्छुक, देहायमा उल्लेखित विषयगत क्षेत्रहरूमा आवश्यक अनुभव, योग्यता र क्षमता भएका नेपाली नागरिक तथा संस्थाहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८२।११।१३) दिनभित्र आवेदन पेश गर्न सूचित गरिन्छ।

**१. बिषयगत क्षेत्रहरुः**

- १.१ वन, जलाधार व्यवस्थापन र प्रकृतिमा आधारित समाधान (Nature Base Solutions-NbS)
- १.२ प्रवर्द्धनात्मक भिडियो निर्माण (Animated and Documentary)
- १.३ वातावरण पत्रकारिता
- १.४ जलवायु परिवर्तन अनुकूलन, जोखिम र संवेदनशीलता विश्लेषण
- १.५ जलवायु उत्थानशील कृषि तथा पशुपालन
- १.६ सहभागीतामुलक लैङ्गिक संवेदनशील जलवायु जन्य जोखिम तथा संकटासन्नाता विश्लेषण

**२. आवेदनका साथ समावेश गर्नुपर्ने कागजातहरुः**

- २.१ शैक्षिक योग्यताको प्रमाणपत्र
- २.२ नेपाली नागरिकताको प्रमाणपत्र
- २.३ पान कार्डको/भ्याटमा दर्ता भएका प्रमाणपत्र
- २.४ कार्यानुभबको प्रमाणपत्र/व्यक्तिगत विवरण (सी.भी)

३. **आवेदन दिन सकिने स्थानः**

भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप बजार, रामेछाप, फोन नं. ०४८-४०००५८

४. इमेल मार्फत विशेषज्ञहरुको सूचीमा दर्ता गर्न चाहने विशेषज्ञहरुले निवेदन सहित सम्पूर्ण आवश्यक कागजातको scan copy का लागीः swco.ramechhap@bagamati.gov.np पठाउन सकिने छ।


थप जानकारीका लागि

भू तथा जलाधार व्यवस्थापन कार्यालय

रामेछाप बजार, रामेछाप

फोन नं. ०४८-४०००५८/९८४००१०३४३